# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा २०७३

**सुपरीवेक्षक र गणक (सेवा करार) पदको दरखास्त आव्हान सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः२०७७/१०/०५)

यस नगर क्षेत्रमा सञ्चालन गरिने गरिब परिवार पहिचान तथा परिचयपत्र बितरण सम्बन्धि कार्यक्रम अन्तरगत कामकाज गर्ने गरी देहायका पदहरु सेवा करारमा नियुक्ति गर्नुपर्ने हुँदा देहायमा उल्लिखित योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवा | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| ७/०७७/०७८ | सुपरीवेक्षक | १ (एक) | करार | ७०० |
| ८/०७७/०७८ | गणक | ६ (छ) | करार | ५०० |

**१.आवश्यक न्यूनतम योग्यताः**

(क) **सुपरीवेक्षक पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तीमा स्नातक वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

(ख) **गणक पदका लागिः** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

२. **उमेरः** उल्लिखित दुवै पदका लागि १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

३. **काम गर्नुपर्ने क्षेत्रः** सिद्धिचरण नगरपालिका अन्तरगतका वडाहरु ।

४. **पारिश्रमिक तथा अन्य सुविधाः** गरिब परिवार पहिचान तथा परिचयपत्र बितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम ।

५. **छनौट विधिः** छोटो सूची (Short List) प्रकाशन, कम्प्यूटर प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

६. **दरखास्त बुझाउने स्थानः** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

७. **दरखास्त बुझाउने अन्तीम मितिः**२०७७/१०/१९ गते कार्यालय समयभित्र ।

८. **प्रयोगात्मक परीक्षा र अन्तरवार्ता मितिः** छोटो सूची (Short List) प्रकाशनको सूचनामा तोकिने छ ।

९.**प्राथमिकताः** यस स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिइने ।

**१०.दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति

(ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु-१/१ प्रति

(ग) कम्प्यूटर शिक्षा वा तालीम सम्बन्धि प्रमाणपत्रका प्रतिलिपिहरु- १/१ प्रति

(घ) सो सम्बन्धी अनुभव हासिल गरेको भए अनुभवको प्रमाण खुल्ने कागजातहरुको प्रतिलिपि-१/१ प्रति

(ङ) पासपोर्ट साइजको फोटो- २ प्रति

(च) उल्लिखित पदहरुको दरखास्त फाराम र ती पदहरुले सम्पादन गर्नुपर्ने कामको बिवरण यस कार्यालयको वेवसाइट www.siddhicharanmun.gov.np मा उपलब्ध हुनेछ ।

११.दरखास्त दस्तुर वापतको रकम रा.वा. बैंक शाखा कार्यालय ओखलढुङ्गास्थित कार्यालयको हि.नं. २०७००३०१०१०००३ मा जम्मा गरेको भौचर वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको रसिद दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

थप जानकारी लिनुपर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा ९८६२८०५०७५ मा सम्पर्क गर्न सकिनेछ ।

१०/५

रामेश्वर पोखरेल
प्रमुख प्रशासकीय अधिकृत